076-A-0413 (क)

# श्री
# सर्वोच्च अदालत
## मुद्दा तथा रिट महाशाखा

(मुद्दा फांट १५)

महाशाखा प्रमुख (फोन नं:) ०१-४२६२४९०
फ्याक्स: ०१-४२६२८७८,
४२६२३९८, ४२६२३९७, ४२६२८९५
Email:Mudda15.Supreme@supremecourt.gov.np

मितिः- २०८०-०६-१०

च. नं.: ११२७८

मुद्दा नं- ०७५-RB-०७२१

४१०५
०६।१०

विषयः- फैसलाको जानकारी सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय ।

पुनरावेदक/निवेदक सचिन के सुनुवार र प्रत्यार्थी/विपक्षी नेपाल सरकार भएको बैंकिङ्ग कसुर विषयको मुद्दामा मिति २०८०/०२/३१ मा भएको फैसलाको प्रतिलिपी यसै पत्र साथ राखी फैसलाको जानकारी पठाएको व्यहोरा जानकारीको लागी अनुरोध छ ।

दिपक काफ्ले

शा.अ. रमेशप्रसाद आचार्य

मुद्दा फांट १५

सर्वोच्च ... प्रमाणित
गरिदिएको छ।
०८०।०९।१०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

**फैसला**

विषय: बैङ्किङ्ग कसूर ।

०७५-RB-०७२१

आइमान सिंह सुनुवारको नाति, पदम बहादुर सुनुवारको छोरा ओखलढुङ्गा जिल्ला खिजी चण्डेश्वरी गा.वि.स. वडा नं. ९ चण्डेश्वरी परिवर्तित खिजीदेम्बा गा.पा. वडा नं. ३ घर भै तत्कालिन अवस्थामा कारागार कार्यालय, नख्खु ललितपुरमा थुनामा रही पुनरावेदन गर्ने सचिन के सुनुवार ....................१ — पुनरावेदक प्रतिवादी

विरूद्ध

हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का प्रमुख कार्यकारी अधिकृत भक्त बहादुर कार्कीको जाहेरीले नेपाल सरकार .............................................. १ — प्रत्यर्थी वादी

०७६-RB-००९५

हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का प्रमुख कार्यकारी अधिकृत भक्त बहादुर कार्कीको जाहेरीले नेपाल सरकार .............................................. १ — पुनरावेदक वादी

विरूद्ध

विमलेश्वरानन्द बैद्यको नाति, मदनेश्वरानन्द बैद्यको छोरा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.३० महाबौद्ध घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३४ नयाँ बानेश्वर बस्ने हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का तत्कालिन महाप्रबन्धक रविभुषण वैद्य .............................................. १ — प्रत्यर्थी प्रतिवादी

चन्द्रमान प्रधानको नाति, रामकुमार प्रधानको छोरा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २५ मखनटोल र हाल का.जि.स्युचाटार गा.वि.स. वडा नं. १ कलंकी घर भई हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का तत्कालिन कर्जा प्रमुख राजुकुमार प्रधान .............................................. १

आनन्दराज जोशीको नाति, उपेन्द्रराज जोशीको छोरा ललितपुर जिल्ला

ललितपुर म.न.पा. वडा नं. ११ बखुम्वाहाल घर भएका मूल्याङ्कनकर्ता सोभेन्द्रराज जोशी ........................................................................ १

हरिहरप्रसाद कोइरालाको नाति, ध्रुवप्रसाद कोइरालाको छोरा सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. १ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ७ चावहिल बस्ने ऋणी किशोरकुमार कोइराला ................................ १

आइमानसिंह सुनुवारको नाति, पदमबहादुर सुनुवारको छोरा ओखलढुङ्गा जिल्ला खिजी चण्डेश्वरी गा.वि.स. वडा नं. ९ चण्डेश्वरी परिवर्तित खिजीदेम्बा गा.पा. वडा नं. ३ घर भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४ सातदोबाटो बस्ने जमानीकर्ता सचिन के सुनुवार ................... १

०७६-RB-०२०८

चन्द्रमान प्रधानको नाति, रामकुमार प्रधानको छोरा राजुकुमार प्रधान.........१ पुनरावेदक प्रतिवादी

विरूद्ध

हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का प्रमुख कार्यकारी अधिकृत भक्त बहादुर कार्कीको जाहेरीले नेपाल सरकार ............................................... १ प्रत्यर्थी वादी

०७६-RB-०५२६

विमलेश्वरानन्द बैद्यको नाति, मदनेश्वरानन्द बैद्यको छोरा रविभुषण वैद्य .....१ पुनरावेदक प्रतिवादी

विरूद्ध

हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का प्रमुख कार्यकारी अधिकृत भक्त बहादुर कार्कीको जाहेरीले नेपाल सरकार ..................................................१ प्रत्यर्थी वादी

शुरु फैसला गर्नेः- माननीय न्यायाधीश श्री हेमराज पन्त
माननीय न्यायाधीश श्री ऋषि प्रसाद अधिकारी
उच्च अदालत पाटन, वाणिज्य इजलास

फैसला मितिः- २०७५।३।२४

न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(क) बमोजिम यस अदालतमा पुनरावेदनको रोहमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

## तथ्यगत व्यहोराः

१. ऋणी किशोरकुमार कोईरालाले १ वर्ष अवधिको लागि मिति २०६७/०४/२० गते जिल्ला ललितपुर डुकुछाप गा.वि.स.वडा नं. ६ख. कि.नं. १०६ र ३६१ क्षे.फ. ०-४-१-० र १-९-०-० निज ऋणी सहितको संयुक्त नाममा दर्ता रहेको जग्गा धितो राखि रु.३०,००,०००/- कर्जा लिएको, सो कर्जाको मूल्याङ्कन प्रतिवादी ए नट आर्किटेक्चर एण्ड आर्किटेक्सका सोभेन्द्रराज जोशीले गरेको, सो कर्जाको साँवा व्याज नतिरेकोले धितोको पुनः मूल्यांकन Beem Consultancy Pvt. Ltd. बाट गर्दा जम्मा जग्गाको मूल्य रु.१८,०००/- मात्र मूल्याङ्कन भई आएकोले यस फाईनान्सको निर्णय अनुसार सो धितो गैह्र बैङ्किङ्ग सम्पत्तिको रुपमा फाईनान्सले सकार गरेकोले सो धितोको अधिक मूल्याङ्कन गरी प्रतिवादीहरु रविभुषण वैद्य र राजुकुमार प्रधानले कर्जा प्रवाह गरी सो धितो सकार गरी बाँकी रहेको ऋणी किशोरकुमार कोईरालाको हकमा रु. ५८,५४,९७६/०४ हानी नोक्सानी भएको देखिएकोले निजबाट सो रकम असुल उपर गरी पाउँ भन्ने बेहोराको हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का प्रमुख कार्यकारी अधिकृत भक्तवहादुर कार्कीको जाहेरी दरखास्त।

२. जिल्ला ललितपुर डुकुछाप गा.वि.स.वडा नं. ६ख. कि.नं. १०६ र ३६१ क्षे.फ.०-४-१-० र १-९-०-० जग्गा धितो राखि कर्जापाउँ भन्ने ऋणी किशोरकुमार कोईरालाको निवेदन पत्र, सो जग्गाको जग्गाधनी प्रमाणपूर्जा, सो जग्गाको Fair Market Value रु. ७,९२,४२१/८७ र Distress Value रु. ६,३३,९३७/५० पर्ने भन्ने मूल्याङ्कनकर्ता सोभेन्द्रराज जोशीको Synopsis Valuation Report, ऋणी किशोरकुमार कोईरालालाई कर्जा स्वीकृत गरिएको Loan Approval Form, ऋणी किशोरकुमार कोईरालालाई कर्जा प्रवाह गरेको तमसुक, जमानी लिखत, Fair Market Value रु.१८,०००/- र Distress Value रु.१०,०००/- पर्ने भन्ने Beem Consultancy Pvt. Ltd. बाट भएको मूल्याङ्कन प्रतिवेदन समेतका कागजातहरु जाहेरी दरखास्तसाथ पेश भई मिसिल संलग्न रहेका।

३. कर्जा स्वीकृत गर्ने सीमा सम्बन्धमा अध्यक्ष एवं महाप्रबन्धकलाई रु.चालीस लाख, कर्जा समितिलाई रु.दश करोड र सोभन्दा माथि संचालक समितिले गर्ने भन्ने बेहोराको मिति २०६५/०८/२ गतेको संचालक समिति बैठक नं.३५ को निर्णयको प्रतिलिपि।

४. मूल्याङ्कन गर्दा धितोको फोटो समावेश हुनु पर्ने, घर जग्गा र बाटो प्रष्ट देखिनु पर्ने, लोकेशन म्याप हुनु पर्ने, मूल्याङ्कन गर्दा चलनचल्ती र आगामी दिनमा हुन सक्ने मूल्यको परिवर्तनलाई ध्यानमा राखि तय गर्नु पर्ने, संभवभएसम्म विभिन्न माध्यमको मद्दत लिने भन्ने बेहोराको हामा मर्चेन्ट एण्ड फाईनान्स लि.को कर्जा लगानी नीति।

५. चापागाउँ र डुकुछाप गा.वि.स.का जग्गाहरुको आ.व.०६६/०६७ र ०७०/०७१ को सरकारी मूल्याङ्कन पठाईएको भन्ने मालपोत कार्यालय ललितपुरको पत्र।

६. सचिन के सुनुवार र निजसँग सम्बन्धित ऋणीहरु दिपक थापा, माञ्जा तामाङ गोम्जा, रति तामाङ गोम्जा, तिलकवहादुर सुनुवार, भरतवहादुर थापा, उषा मुक्तान, डोरसिं दिलिप कार्की, चेतवहादुर बस्नेत, राजेश अधिकारी र रामहरी घिमिरेलाई कर्जा प्रवाह गर्न सचिन के सुनुवारले व्यक्तिगत जमानत दिएको तथा चेतवहादुर बस्नेत, राजेश अधिकारी र रामहरि घिमिरेले कर्जा सचिन के सुनुवारले प्रयोग गरेको स्वीकार गरेको अवस्था रहेको हुँदा उपरोक्त एकल ग्राहक कर्जाभित्र पर्ने, रु.४० लाखभन्दा बढी कर्जा प्रवाह गर्न संचालक समितिबाट स्वीकृत हुनुपर्ने तत्कालीन व्यवस्था बमोजिम तत्कालीन प्रवन्ध संचालक रविभुषण वैद्यले एकै समूहका ऋणीहरुलाई स्वीकृत भएको रु.३ करोड ८५ लाखको कर्जामा कर्जा रकमलाई टुक्र्याई आफ्नो सीमाभित्र पारी अख्तियारी नाघेर प्रवाह गरेको, उक्त कर्जाका लागि सुरक्षण स्वरुप लिएको ललितपुर चापागाउँ गा.वि.स.वडा नं. ८ख. कि.नं. १७६, १७७ र १७९ को तत्कालिन मूल्याङ्कन रकम रु.४,०७,३७,६५५/- रहेकोमा मिति २०६८/१२/०६ बीम कन्सल्टेन्सिबाट पुनः मूल्याङ्कन गराउदा रु.८२ लाख मात्र कायम भएको देखिएको। डाँछी स्थित कि.नं.१०४२ को शुरु मूल्याङ्कन रु.१ करोड २४ लाख रहेतापनि पछिल्लो पटक मूल्याङ्कन नभएको। यसरी शुरु कर्जा प्रवाह गर्दा नै संस्थाका पदाधिकारी र धितो मूल्याङ्कनकर्ताको मिलेमतोमा कमजोर धितोको उच्च मूल्याङ्कन गराएको देखिनुका साथै कर्जा स्वीकृत गर्दा एकै समूहका ऋणीलाई तत्कालिन प्रवन्ध

संचालक रविभुषण वैद्यले अख्तियारी सीमा नाघेर कर्जा प्रवाह गरेको हुँदा मिलेमतोमा संस्थाको साधन श्रोतको दुरुपयोग गर्ने मनसाय रहेको भन्ने समेत बेहोराको नेपाल राष्ट्र बैंक वित्त कम्पनी सुपरीवेक्षण विभागबाट हामा मर्चेन्ट एण्ड फाईनान्स लि.मा भएको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन।

७. डुकुछाप गा.वि.स.वडा नं.६ख कि.नं.१०५, ६९,३५५ र ३६३ को मूल्य चारलाख पर्ने भन्ने गा. वि. स.को कार्यालय डुकुछापको सर्जमिन मुचुल्का सहितको पत्र।

८. मैले हामा मर्चेन्ट एण्ड फाईनान्स लि.बाट जिल्ला ललितपुर डुकुछाप गा.वि.स.वडा नं. ६ख. कि.नं. ३६१ र १०६ को क्षे.फ. १-९-०-० र ०-४-१-० जग्गाको प्रारम्भिक मूल्याङ्कन गरेको हो। मैले प्रारम्भिक मूल्याङ्कन गर्दा सो जग्गाको क्रमश Fair Market Value रु.३६,५३,५३२/७५ र ६,४१,४८४/३७ तथा Distress Value रु. २९,२२,८२६/२० र ५,३१,१८७/५० कायम गरी प्रारम्भिक मूल्याङ्कन गरेको थिएँ। उक्त जग्गाको प्रारम्भिक मूल्याङ्कन सामान्य रुपमा बुझी प्रारम्भिक मूल्यांकन प्रतिवेदन छलफलको लागि फाईनान्समा दिएको हो। हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का कर्जा अधिकृत राजु प्रधानले ऋणीले फाईनान्समा Fixed Deposit ल्याउन लागेकोले निजलाई पुग्ने गरी कर्जा प्रवाह गर्नुपर्ने भएकोले धितोको मूल्यांकन गर्दा पुग्ने गरी गरिदिन पर्‍यो भनेकाले मैले राजु प्रधानकै निर्देशनमा चलन चल्तीको मूल्य कति राख्दाखेरी माग बमोजिम पुग्छ सो देखाउनको लागि मात्र मूल्यांकनमा बढाई छलफलको लागि पेश गरेको हो। प्रारम्भिक मूल्याङ्कन मैले ऋणीको लागि गरेको हो। कर्जा तिर्ने दायित्व ऋणीको भएकाले मैले कुनै हानी नोक्सानी पुर्‍याएको छैन। के कति कारणले सोही प्रारम्भिक मूल्याङ्कनको आधारमा ऋण प्रवाह हुन गयो त्यो मलाई थाहा भएन। मैले फाईनान्सका कर्जा अधिकृतको निर्देशनमा प्रारम्भिक मूल्याङ्कन मात्र गरेको हो भन्ने बेहोराको मूल्याङ्कनकर्ता सोभेन्द्रराज जोशीको बयान।

९. ऋणी किशोर कुमार कोईरालालाई कर्जा प्रवाह गर्दा निजको नाममा रहेको जिल्ला ललितपुर डुकुछाप गा.वि.स.वडा नं. ६ख कि.नं.३६१ र १०६ को जग्गा धितो राखि रु.३०,००,०००/-कर्जा प्रवाह भएको हो। सो धितोको मूल्याङ्कन A not Architecture and Architect कम्पनीले गरेको हो। धितोको Distress Value रु.

३४,३६,०१३/७० भएको थियो। ऋणी किशोरकुमार कोईरालालाई निजकै जमानीमा उल्लेखित जग्गा धितो राखि कर्जा दिईएको हो। सो कर्जा उपभोग स्वयं ऋणीले नै गरेको हुनुपर्दछ। ऋणीलाई कर्जा प्रवाह गर्दा धितोको मूल्याङ्कनको सम्बन्धमा मूल्याङ्कन प्रारम्भिक वा पूर्ण मूल्याङ्कन भन्ने हुँदैन। धितोको मूल्याङ्कनको सम्बन्धमा Valuator को भनाई नै अन्तिम हुन्छ। संस्थाले जारी गरेको ऋण जुन उदेश्यको लागि प्रवाह भएको हो त्यही उदेश्यको लागि प्रयोग भएको हुनुपर्दछ। मैले पनि मेरो कार्यकालमा संस्थाप्रति कुनै गलत मनसाय नराखी कार्य गरेको थिएँ। ऋण असुल भएको सन्दर्भमा आंशिक भनिएका प्रतिबेदन पनि हुने र ऋण असुल नभएकामा नहुने भन्ने कुरा हुँदैन। धितोको खण्डीकरण बिभागबाट सहि जानकारीको अभावमा त्यसो हुन गएको हो। संस्थालाई हानी पुऱ्याउने उदेश्यले वा गलत मनसायबाट भएको होईन। जुन धितोको लागि Valuation गरेको हो त्यही जग्गा धितो राखि ऋण प्रवाह भएको छ। कुनै हिनामिना भएको छैन भन्ने प्रतिवादी रविभुषण वैद्यको बयान।

१०. जिल्ला ललितपुर डुकुछाप गा.वि.स.वडा नं.६ख कि.नं.१०६ र ३६१ को जग्गा मैले किशोरकुमार कोईरालाको नाममा खरिद गराएको हो। सो स्थामा भएको सुवर्ण श्रेष्ठ र सन्तोष श्रेष्ठ समेतले सबै जग्गा खरिद गर्दा जग्गाधनी र मेरो बिचमा एकमुष्ट रु.१,१०,००,०००/- मा कुरा मिलेको थियो। सो कुरा मिलेपछि मैले मेरा स्टाफ चेत वहादुर बस्नेत नेतृत्वमा किशोर कोईराला र सन्तोष श्रेष्ठलाई कर्जा प्रकृयाको लागि हामा मर्चेन्ट एण्ड फाईनान्स लि.मा पठाएको थिएँ। उनीहरुले कर्जाको लागि चाहिने कागजात संस्थामा छोडि आएका थिए। ऋणी किशोरकुमार कोईरालालाई रु.३०,००,०००/- कर्जा प्रवाह भएको हो। सो कर्जा रकम लिए लगत्तै जग्गा खरिद गरेका जग्गाधनीलाई सो रकम दिएको हो। हामा फाईनान्सबाट खण्डीकरण गरी कर्जा दिने भनेकोले सोही अनुसार कर्जा दिए लिएको हो। सो प्रकृया र कानूनी कुरा मलाई थाहा नभएको। उक्त फाईनान्सबाट ऋणी किशोरकुमार कोईरालाको नाममा कर्जा स्वीकृत भएपछि निजकै नाममा कर्जा रकमको चेक काटिएको थियो। मेरो साहरिन ईन्टरनेशनल हाउजिङ प्रा.लि.को व्यापार राम्रो भएकोले विश्वासको आधारमा किशोरकुमार कोईरालाको नाममा कर्जा स्वीकृत गराई सो कर्जा रकमबाट मैले जग्गा खरिद गरेको हो। उक्त फाईनान्सले रु.३९,९९,०००/- का दरले कर्जा लिन मिल्ने

भनेकाले मैले किशोरकुमार कोईराला समेतलाई कर्जा लिन लगाएको हो। उक्त समयमा जग्गा भएको स्थानीयहरु तथा जग्गाको सीमानासँग जोडिएका जग्गाधनीलाई बैंकका कर्मचारी तथा प्राविधिक स्वयंले भाउका बारेमा सोध्दा बुझ्दा सबैले रोपनीको रु.२५/३० लाखसम्म किनबेच भई राखेको छ भनी बताएका थिए। सो कुरामा बैंकको कर्मचारी र प्रविधिकले अझै बजार भाउ घटाएर मूल्याङ्कन गरिएको थियो। मैले कर्जा लिदा जग्गा खरिद गर्नको लागि भनेर फाईनान्सलाई भनेको हो। तर फाईनान्सले के भनी लेख्यो मलाई थाहा हुने कुरा भएन। मलाई फाईनान्सले भन्दाखेरी हालको हाम्रो आचारसंहिता वोर्डले गरिदिएको निर्णय नै यसरी पास आएको छ। संस्था यसैमा सुरक्षित छ भनेका थिए। सवै कुरामा मलाई थाहा हुँदैन। मेरो क्षेत्राधिकार पनि हुँदैन। म र ऋणीहरु खाली एउटा साधारण ग्राहक मात्र हौं भन्ने बेहोराको प्रतिवादी सचिन के सुनुवारको बयान।

११. ऋणी किशोरकुमार कोईरालालाई कर्जा प्रवाह गर्दा निजको नाममा रहेको जिल्ला ललितपुर डुकुछाप गा.वि.स.वडा नं. ६ख कि.नं.१०६ र ३६१ जग्गा धितो राखि रु.३०,००,०००/-कर्जा प्रवाह भएको हो। सो धितोको मूल्याङ्कन A not Architecture and Architect कम्पनीले गरेको हो। धितोको Distress Value रु.३४,३६,०१३/७० भएको थियो। ऋणी किशोरकुमार कोईरालालाई निजकै जमानीमा उल्लेखित जग्गा धितो राखि कर्जा दिईएको हो। सो कर्जा उपभोग स्वयं ऋणीले नै गरेको हुनुपर्दछ। हामा मर्चेन्ट एण्ड फाईनान्स लि.मा म प्रबन्धक र कम्पनी सचिबको रुपमा कार्यरत रहदाको अवस्थामा ऋणी किशोरकुमार कोईरालालाई ऋण प्रवाह गर्दा पूर्ण प्रकृया अपनाई ऋण अध्यक्ष तथा प्रबन्ध संचालकले आफ्नो अख्तियारी सिमाभित्र रहि कर्जा स्वीकृत भएको हो। ऋणीलाई कर्जा प्रवाह गर्दा धितोको मूल्याङ्कनको सम्बन्धमा मूल्याङ्कन प्रारम्भिक वा पूर्ण मूल्याङ्कन भन्ने हुँदैन। कुनैपनि धितोको मूल्याङ्कनको सम्बन्धमा Valuator को भनाई नै अन्तिम हुन्छ। मूल्याङ्कनकर्ताको प्रतिबेदनको आधारमा असल नियतले कर्जा सिफारिससम्म मैले गरेको हो। ऋणी किशोरकुमार कोईरालाई कर्जा सिफारिस गर्दा Valuator बाट पूर्ण मूल्याङ्कन प्राप्त नगरी Preliminary मूल्याङ्कनको आधारमा कर्जा सिफारिस गरेको सम्बन्धमा त्यसबेलामा अन्य धेरै कर्जामा पनि त्यस्तो अभ्यास भएको छ। सो कारण Valuator

बाट पूर्ण मूल्याङ्कन प्राप्त नगरी Preliminary मूल्याङ्कनको आधारमा कर्जा सिफारिस गरेको हो। ऋणी किशोरकुमार कोईरालालाई कर्जा प्रबाह हुदा उक्त समयको मुल्याङकन अनुसार पर्याप्त धितो राखी कर्जा प्रबाह भएको थियो भन्ने प्रतिवादी राजुकुमार प्रधानको बयान।

१२. हामा मर्चेन्ट एण्ड फाईनान्स लि.बाट कर्जा प्रवाह भएका ऋणीहरु तिलकवहादुर सुनुवार, दिपक थापा, भरतवहादुर थापा, उषा मोक्तान, मान्जा तामाङ गोम्जा, रति तामाङ गोम्जा, डोरसिं दिलिप कार्की, सन्तोष श्रेष्ठ, सुवर्ण श्रेष्ठ र किशोरकुमार कोईरालाले धितो राखेको जग्गाको पुनः मूल्याङ्कन गर्न Beem Consultancy बाट मलाई खटाईएको थियो। सो अनुसार खटी गई सो जग्गाको पुनः मुल्याङकन मैले गरेको हो। मुल्याङकन गर्दा देखिएका कुराहरु समावेश गरी मैले Beem Consultancy मा प्रतिवेदन पेश गरें। सो प्रतिवेदनलाई छलफल गरी पुनः मुल्याङकन प्रतिबेदन सम्बन्धित निकायमा पठाईएको हो। Fair Market Value निकाल्दा चलन चल्ती मूल्यको ५०% र सरकारी मालपोत मूल्याङकनको ५०% को औसत गरी निकालिन्छ। Distress Value भनेको जम्मा Fair Market Value को ६०% लाई लिईन्छ। मुल्याङकनको क्रममा चलन चल्तीको मूल्य कायम गर्दा जग्गाको आकार, जग्गाको क्षेत्रफल हेरी स्थानीय स्तरमा सोधपुछ गरी, भौतिक पूर्वाधार, सो जग्गा रहेको स्थानको आसपासमा थालनी भएको बिकास, रिङरोड देखिको दूरी, तत्कालिन अबस्थामा जग्गाको मन्दी आदिलाई आधार मानी मुल्य निर्धारण गर्ने गरिन्छ। ऋणीहरुले धितो राखेको जग्गाहरुको शुरुमा मूल्याङ्कन गर्दाको अबस्थामा जग्गाको मूल्य अत्यन्तै उच्च थियो। सो लगत्तै जग्गामा आएको मन्दीको कारण पुनः मूल्याङ्कन गर्दा कम देखिएको हो। हाल जि.ललितपुर चापागाउ गा.वि.स. वडा नं. ८ख को जग्गा एकातिर कच्ची मोटर बाटो र अर्कोतिर जंगलसँग जोडिएको खेतीपाती नगरी बाँझो छोडिएको अबस्थामा देखिएको थियो। ललितपुर डुकुछाप गा.वि.स. ६ख मा अवस्थित जग्गाहरु गोरेटो बाटोसँग जोडिएको र खेती गरिएको अबस्थामा देखिएको थियो भन्ने बेहोराको बिनोद घिमिरेको घटना विवरण कागज।

१३. तिलकवहादुर सुनुवार समेतका १३ जना ऋणीलाई कर्जा प्रबाह हुँदाको बखत Loan approval form को Prepared by भन्ने स्थानमा भएको दस्तखत मेरो हो। सो ऋण

रकम तत्कालिन प्रबन्ध निर्देशक रहनु भएका राजुकुमार प्रधानले कर्जा शाखामा अन्य कोही कर्मचारी नभएकाले मलाई काम लगाएका र मैले निजकै निर्देशनमा कागज पत्र तयार गरेको हुँ। मलाई यहि काम गर्ने भनी जिम्मा दिईएको थिएन। ऋणीहरु सिधै कर्जा प्रमुख तथा प्रबन्धक राजुकुमार प्रधानसँग कुराकानी गर्दथे। के केति, कहाँ जग्गा धितो राखि ऋण प्रबाह गर्ने भन्ने बारेमा उहाँहरु नै छलफल गरी ऋण प्रवाह गर्नुहुन्यो। ऋण रकम प्रवाह गर्दा आवश्यक पर्ने कागजजातहरु तयार गर्न मलाई आदेश दिनुहुन्थ्यो र मैले निज राजुकुमार प्रधानले भनेबमोजिम गर्दथे। मैले केवल कार्यालयमा बसी राजुकुमार प्रधानले भने बमोजिम Loan Approval Form मात्र भरिदिई त्यसमा तयार गरेको भनी सहि गरेको हो। म निम्नस्तरको कर्मचारी भएकोले लगाएको काम पुरा गरेको हो। को ऋणी, ऋणीको हैसियत कस्तो भन्ने केहीपनि मैले हेरेको थिईन र हेर्न भनी मलाई भनिएको पनि थिएन। ऋणीका बारेमा सबै राजुकुमार प्रधानले जानकारी लिने र काम गर्ने गर्थे भन्ने बेहोराको विल्सन नारायण जोशीले गरेको घटना विवरण कागज।

१४. प्रतिवादीहरु रविभुषण बैध, राजुकुमार प्रधान, सोभेन्द्रराज जोशी, किशोर कुमार कोइराला, सचिन के सुनुवार समेतको योजना र मिलेमतोमा कम मूल्यको धितोको अधिक मूल्याङ्कन गरी गराई कर्जा प्रवाह गर्ने अधिकारभित्र पार्ने गरी सचिन के सुनुवारको एकै समूहलाई कर्जा खण्डीकरण गरी रु.४०,००,०००/- र रु.३०,००,०००/- का दरले कर्जा प्रवाह गर्ने क्रममा ऋणी किशोरकुमार कोईरालालाई कर्जा प्रवाह गरे गराएको र सो कर्जा परियोजनामा खर्च नगरी हालसम्मको साँबा ब्याज समेत भुक्तान नगरी हामा मर्चेन्ट एण्ड फाईनान्स लि.लाई रु.५८,५४,९७६/०४ हानी नोक्सानी पुऱ्याई बैङ्किङ्ग कसूर गरेको पुष्टी हुन आएकाले निज प्रतिवादीहरुलाई देहायबमोजिम सजाय हुन मागदावी लिई उच्च अदालत पाटनमा दायर भएको अभियोगपत्र।

<u>प्रतिवादी महाप्रबन्धक रविभुषण वैद्य र कर्जा अधिकृत राजुकुमार प्रधानको हकमा:</u>
हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का तत्कालिन महाप्रवन्धक निज प्रतिवादी रविभुषण वैद्य र कर्जा अधिकृत राजुकुमार प्रधान संस्थाको जिम्मेवार पदमा रहि मूल्याङ्कनकर्ता सोभेन्द्रराज जोशी, ऋणी किशोरकुमार कोईराला र सचिन के सुनुवारसँग मिलेमतो गरी

Fair Market Value रु.१८,०००।- र Distress Value रु.१०,०००।- पर्ने जग्गालाई आफ्ना नाता सम्बन्धका मूल्याङ्कनकर्ता सोभेन्द्रराज जोशीबाट Fair Market Value रु. ७,९२,४२१/८७ तथा Distress Value रु.६,३३,९३७/५० पर्ने देखाई धितोको अधिक मूल्याङ्कन गर्न लगाई संस्थाको कर्जाप्रवाह गर्ने नीति अनुसार पर्ने गरी निज प्रतिवादी महाप्रबन्धक रविभुषण वैद्यको अधिकारभित्र पारी कर्जाको खण्डीकरण गरी सचिन के सुनुवारको एकै समूहका तथा ऋणीको कर्जा रकम तिर्न सक्ने हैसियत नै नहेरी ऋणी समेतका तीन जनालाई रु.३०,००,०००/- र रु.४०,००,०००/- का दरले कर्जा प्रवाह गरेको देखाई प्रतिवादी सचिन के सुनुवारलाई कर्जा रकम प्रयोग गर्न दिई कर्जा परियोजनामा खर्च नगरी हालसम्मको साँबा ब्याज समेत भुक्तान नगरेको साथै सो पुरै धितो रु.१८,०००/- मा फाईनान्सले गैर बैंकिङ सम्पत्तिमा सकार गर्न परेका कारण हामा मर्चेन्ट एण्ड फाईनान्स लि.लाई हानी नोक्सानी पुऱ्याएको देखिन आएकोले निज प्रतिवादी रविभुषण बैद्य र राजुकुमार प्रधानले बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ७(क)(ख)(घ) र (च), दफा ८, दफा ९(१), (२) र दफा १४ मा परिभाषित कसूर अपराध गरेको पुष्टी भएकाले निज प्रतिवादी रविभुषण वैद्य र राजुकुमार प्रधानलाई सोही ऐनको दफा १५ को उपदफा २(ग) र दफा १५(३) बमोजिम सजाय गरी धितोमा राखेको जग्गा सकार्दा समेत हानी नोक्सानी भएको बिगो रु.३०,००,०००/- को साँबा ब्याज गरी रु.५८,५४,९७६/०४ असुल उपर गरीपाउँ भन्ने मागदावी।

<u>प्रतिवादी मूल्याङ्कनकर्ता सोभेन्द्रराज जोशीको हकमा:</u> प्रतिवादी सोभेन्द्रराज जोशीले हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का तत्कालिन महाप्रबन्धक रविभुषण वैद्य र कर्जा अधिकृत राजुकुमार प्रधान तथा ऋणी किशोरकुमार कोईराला र सचिन के सुनुवारसँग मिलेमतो गरी बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ७(ख) र दफा १३ मा परिभाषित कसूर अपराध गरेकाले निज प्रतिवादी सोभेन्द्रराज जोशीलाई फरक हुन आएको Distress Value रु.३४,२६,०१३।७६ विगो कायम गरी सोही ऐनको दफा १५(३) बमोजिम सजाय गरीपाउँ भन्ने मागदाबी।

<u>प्रतिवादी ऋणी किशोरकुमार कोईराला र सचिन के सुनुवारको हकमा:</u> यी प्रतिवादीहरुले हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का तत्कालिन महाप्रबन्धक रविभुषण

वैद्य र कर्जा अधिकृत राजुकुमार प्रधान तथा मूल्याङ्कनकर्ता सोभेन्द्रराज जोशीसँग मिलेमतो गरी धितोको अधिक मूल्याङ्कन गर्न लगाई संस्थाको कर्जाप्रवाह गर्ने नीति अनुसार पर्नेगरी निज महाप्रबन्धक रविभुषण वैद्यको अधिकारभित्र पारी कर्जाको खण्डीकरण गरी सचिन के सुनुवारको एकै समूहका ऋणी किशोरकुमार कोईराला समेतका तीन जनालाई रु.४०,००,०००/-र ३०,००,०००/- दरले कर्जा प्रवाह गराएको र ऋणीले कर्जा रकम प्रयोग नगरी प्रतिवादी सचिन के सुनुवारले कर्जा रकम प्रयोग गरेको, सो कर्जा रकम परियोजनामा खर्च नगरी हालसम्मको साँबा ब्याज समेत भुक्तान नगरेको, साथै सो पुरै धितो रु.१८,०००/- मा फाईनान्सले गैर बैंकिङ सम्पत्तिमा सकार गर्न परेका कारण हामा मर्चेन्ट एण्ड फाईनान्स लि.लाई हानी नोक्सानी पुऱ्याएको देखिन आएकोले प्रतिवादी किशोरकुमार कोईराला र सचिन के सुनुवारले बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ७(क)(ख)(च), दफा ८ र १४ मा परिभाषित कसूर गरेको प्रष्ट देखिन आएकोले निज प्रतिवादीहरु किशोर कुमार कोईराला र सचिन के सुनुवारलाई सोही ऐनको दफा १५ को उपदफा २(ग) र १५(३) बमोजिम सजाय गरी धितोमा राखेको जग्गा सकार्दा हानी नोक्सानी भएको बिगो रु.५८,५४,९७६/०४ असुल उपर गरीपाउँ भन्ने मागदावी।

१५. धितो राखिएको जग्गा स्वयं ऋणी किशोरकुमार कोइरालाको नाममा रहेको। ऋण प्रवाह गर्दा जग्गाको मूल्यांकनले खाम्ने गरी संस्थाको नियमानुसार ऋण प्रवाह गरिएको हो। ऋण एकल समुहमा नपर्ने हुँदा जाहेरीमा लगाइएका आरोपहरु गलत छ। मिति २०६८।१२।२० गते अन्तिम लिलामी सूचना प्रकाशित गरिएकोमा मिति २०७१।२।९ को संचालक समितिको निर्णय अनुसार गैरबैकिङ्ग सम्पत्ति सकार गरेको देखिन्छ। लिलामी निकालिएको ३ वर्षपछि सोही लिलामीको आधारमा धितो सकार गरी संस्थालाई नोक्सान भयो भन्ने कुरा मिल्दैन। धितो सकार गर्दा नियमानुसार ऋणीलाई जानकारी गराउनु पर्नेमा सोको जानकारी गराएको देखिदैन। ऋणको खण्डीकरण भएको छैन। कर्जा प्रवाह गर्दा तत्कालिन अवस्थामा संस्थाको नियमित प्रकृया अनुसार ऋण सिफारिस भई आएअनुसार धितोले खाम्ने भएकोले रु.३० लाख १ वर्षको अवधिको लागि प्रवाह गरिएको हो। ऋणीलाई प्रवाह गरिएको कर्जामा ऋणीको एकल नाउँ दर्ताको जग्गा धितोमा राखिएको हो। म ३/४ वर्ष अगावै

सेवाबाट अवकाश भएकोले ऋणीलाई प्रवाह गरिएको कर्जाको हालको अवस्था के छ मलाई थाहा भएन। यसै विषयमा ऋण असुली न्यायाधिकरणमा मुद्दा दर्ता भएको छ। यहाँ फेरी मुद्दा चलाउनुले फाइनान्सको नियत राम्रो होइन। लिनु दिनु सबै न्यायाधिकरणमा नै हुनुपर्ने हो। अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी रविभूषण बैद्यले उच्च अदालत पाटनमा गरेको बयान।

१६. मैले प्रारम्भिक मूल्यांकन एकमुष्ठ रुपमा सन्तोष श्रेष्ठ, विमल पण्डित, अरुण कुमार कर्मोचा, किशोरकुमार कोइरालाको नाममा हामा मर्चेन्ट एण्ड फाइनान्समा छलफलका लागि मात्र पेश गरेको हुँ। फाइनान्सको कर्जा लगानी तथा असुली नीतिमा भने अनुरुप अभियोगपत्रमा भनिए जस्तो नभई विसुद्ध छलफलको लागि पेश गरेको हुँ। कुन संस्थाको लागि के प्रयोजनको लागि र कहाँको धितो हो भन्ने समेत नखुलेको अपूर्ण प्रारम्भिक मूल्यांकनबाट के कति कारणले कर्जा प्रवाह भयो मलाई थाहा भएन। के प्रयोजनको लागि कुन स्थानको धितो हो सो समेत खुलेको छैन, कर्जा लगानी तथा असुली नीतिमा उल्लेख भए बमोजिमको कागजात नभई कसरी ऋण प्रवाह भयो थाहा छैन। ऋणी किशोरकुमार कोइरालालाई कर्जा प्रवाह गर्दा जग्गा धितो सुरक्षण वापत कर्जा भएको देखिन्छ। मैले प्रारम्भिक मूल्यांकन सामान्य रुपमा वुझी पेश गरेको हो। कर्जा प्रवाह हुने भएमा उक्त फाइनान्सबाट जानकारी गराइन्थ्यो। तत्पश्चात विस्तृत रुपमा जग्गाको अवस्थिति बाटोघाटो साँध सिमाना लगायत चलन चल्तीको मूल्य र आवश्यक कागजातहरु पेश गरी अन्तिम प्रतिवेदन वुझाइन्छ। मिलेमतो र अस्वभाविक मूल्यांकन गरेको छैन। मैले अभियोग मागदावीबाट सफाई पाउनुपर्छ भन्ने बेहोराको प्रतिवादी सोभेन्द्रराज जोशीले उच्च अदालत पाटनमा गरेको बयान।

१७. म लामो समय विमार भई घरमै बसेको हुनाले डुकुछाप गा.बि.स.को जग्गाको विषयमा केही थाहा छैन। मेरो संलग्नता नभएकोले म यसमा निर्दोष छु। अधिकारप्राप्त अधिकारी समक्ष भएको बयानमा भएको सहिछाप मेरो हो। बयान बेहोरा मेरो होइन। डाँछिको जग्गा सम्वन्धी मुद्दामा भनेर सहिछाप गरेको थिएँ। यस अभियोगको बारेमा जाहेरी नै नपरेको कुराहरुलाई लिएर गलत अभियोग लगाइएको देखियो। ऋण लिनको लागि प्रक्रिया सुरुदेखि अन्तिमसम्म मलाई केही कुरा थाहा नभएको र मेरो यस ऋणसँग सम्बन्धित सहिछाप धितो जमानी केही पनि नभएकोले

मलाई के कति कारणले अभियोग लगाइयो। म यसमा निर्दोष छु। मेरो कोहीसँग पनि मिलेमतो छैन। कुनै कारणले पनि त्यसो देखिदैन। अभियोग मागदावी अनुसार मलाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी सचिनके सुनुवारले उच्च अदालत पाटनमा गरेको बयान ।

१८. प्रतिवादी रबिभुषण बैद्यबाट रु.६,००,०००।- र प्रतिवादी सोभेन्द्रराज जोशीबाट रु.२,००,०००।- वा सो वरावरको जेथा जमानी वा बैंक ग्यारेन्टी दिए लिई तारेखमा राख्नु। प्रतिवादी सचिनके सुनुवारका हकमा दावी लिएको ऋण प्रवाह गर्दा निज जमानी वसेको भन्ने नदेखिंदा निजलाई अ.बं. ४७ नं. बमोजिम तारेखमा राख्नु भन्ने बेहोराको उच्च अदालत पाटनबाट भएको मिति २०७१।९।२५ मा भएको आदेश।

१९. म कर्जा प्रमुख होइन। कम्पनी सचिव र प्रबन्धकको रुपमा काम गरेको हो। कर्जा शाखाबाट नियमानुसार सबै प्रकृया पुरा गरी आएपछि मैले कम्पनी सचिवको हैसियतले ऋणी किशोरकुमार कोइरालाको कर्जा सिफारिससम्म गरेको हो। धितो सुरक्षणको सम्बन्धमा ऋणीले संस्थाको नाउँमा सम्बन्धित मालपोत कार्यालयमा गरेको दृष्टिवन्धक लिखतबाट थाहा हुन्छ। करिव ६ वर्ष अगाडिको कुरा हुँदा अन्य कुरा मलाई याद भएन। उक्त समयमा कर्जा शाखाका बरिष्ठ अधिकृत प्रभुराज भण्डारीले राजिनामा गरेको हुनाले मैले कम्पनी सचिवको रुपमा काम गरेको अवस्थामा कर्जा शाखामा कोरम पुऱ्याउनलाई मात्र सिफारिस खण्डमा मैले दस्तखतसम्म गरेको हो। तत्कालिन अवस्थामा पेश भएको मूल्यांकन प्रतिवेदन बमोजिम कर्जालाई धितोले खाम्ने अवस्था थियो। सो धितोको मूल्यांकन *A not Architecture and Architect* का इन्जिनियर सोभेन्द्रराज जोशीबाट भएको थियो। सो कर्जाको ऋण उठाउने दायित्व संस्थाको हो, मेरो दायित्व होइन। ऋणीले संस्थाको नाममा गरिदिएको दृष्टिवन्धक लिखत कर्जा तमसुक व्यक्तिगत जमानी तमसुक लगायतका लिखतहरुको आधारमा संस्थाले नै उक्त ऋण उठाउनु पर्छ। नेपाल राष्ट्र बैंक वित्त कम्पनी सुपरीवेक्षण विभागबाट हामा मर्चेन्ट एण्ड फाइनान्स लि.मा भएको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदनमा अध्यक्ष तथा प्रवन्ध संचालक रविभूषण बैद्यको सम्बन्धमा मात्र उल्लेख भएको देखिन्छ। उक्त प्रतिवेदनको आधारले पनि मेरो संलग्नता छैन भन्ने कुरा पुष्टि हुन्छ। जाहेरी दरखास्त गलत भएको हुनाले अभियोग मागदावी झुठ्ठा हो। मैले अभियोग माग दावी बमोजिम

सजाय पाउनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी राजुकुमार प्रधानले उच्च अदालत पाटनमा गरेको बयान।

२०. प्रतिवादी राजुकुमार प्रधानले रु.१,००,०००।-नगद धरौट वा जेथा जमानी वा बैंक ग्यारेन्टी दिए लिई तारेखमा राख्नु भन्ने बेहोराको उच्च अदालत पाटनको मिति २०७१।१०।२९ को आदेश।

२१. जाहेरी झुठ्ठा हो, मैले ऋण लिएको होइन। सचिन के सुनुवारले भनेअनुसार मैले ऋणको कागजमा सही गरिदिएको हुँ। सम्पूर्ण रकम सचिन के सुनुवारले चलाएका हुन्। के कुन प्रयोजनको लागि ऋण लिइयो मलाई थाहा छैन। तीस लाख ऋण हो भन्ने कुरा पनि अभियोगपत्र दायर भएपछि थाहा पाएँ। मैले सुनेअनुसार धितोमा राखेको जग्गा वैंकले गैर बैकिङ्ग सम्पत्तिमा लियो। ऋणको साँवा ब्याज तिर्न वाँकी छ भन्ने सुनेको हुँ। उक्त धितोमा राखेको जग्गा मैले देखेको छैन। ऋणको रकम सचिन के सुनुवारले चलाएका हुन्। त्यसबाट मैले रकम चलाएकै छैन। प्रकृयाको वारेमा मलाई केही थाहा छैन। ऋणको कागजमा सही गर भनेको हुँदा गरेको हुँ। उक्त जग्गा पनि सचिन के सुनुवारको हो। निज प्रतिवादी सचिन के सुनुवारले मेरो जग्गा छ, यो जग्गा म तिम्रो नाममा खरिद गर्छु र बैंकमा धितो राखी त्यो रकमले जग्गा खरिद गरी २/४ महिनामा म उक्त जग्गा विक्री गर्छु अनि ऋण पनि तिरीदिन्छु भने। त्यसपछि जग्गा खरिद गर्न मलाई लगे, सहिछाप गर्न भने, मैले सहीछाप गरें। मेरो नाममा जग्गा खरिद भयो। त्यसपछि फाइनान्समा सोही जग्गा राखी सचिन के सुनुवारको विश्वासमा सहि गरी दिएको हुँ। जग्गाधनी पूर्जामा देखे अनुसार ललितपुर जिल्ला डुकुछाप गा.बि.स.को जग्गा हो, कित्ता नम्वर वार्ड नं. क्षेत्रफल याद भएन। त्यो जग्गा सचिन के सुनुवारले रकम तिरी मेरो नाममा खरिद गरेको मात्र हो। त्यो जग्गा मैले देखेको छैन। ऋण तीस लाख भन्ने कुरा अभियोगपत्रबाट मात्र थाहा भएको हो। के कुन प्रयोजनका लागि सचिन के सुनुवारले निकाली के कुन प्रयोजनमा खर्च गरे त्यो निजलाई थाहा होला। म सचिन के सुनुवारको कम्पनीमा काम गर्थे। त्यहाँ काम गर्ने सम्पूर्ण कर्मचारीहरुको नाममा सचिन के सुनुवारले जग्गा खरिद गर्दा मेरो नाममा पनि निजले पैसा तिरी जग्गा खरिद गरी दिएका हुन्। त्यही जग्गा निजले बैंकमा धितो राखी निजले रकम चलाएका हुन्। मैले अभियोग दावी बमोजिम कसूर

नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी किशोरकुमार कोइरालाले उच्च अदालत पाटनमा गरेको बयान।

२२. प्रतिवादीबाट रु.८,००,०००।- नगद वा जेथा जमानत वा बैंक ग्यारेन्टी दिए पुर्पक्षको लागि तारेखमा राख्नु भन्ने उच्च अदालत पाटनको मिति २०७३।१।७ को आदेश।

२३. स्थलगत निरीक्षणमा संलग्न भई प्रतिवेदन दिने राष्ट्र बैंकका कर्मचारीहरु टोली प्रमुख उपनिर्देशक रविन्द्र खनाल, सदस्यहरु सहायक निर्देशक प्रकाश श्रेष्ठ र कुवेर थापालाई बकपत्रका लागि उपस्थित गराउनु। सोही दिन किशोरकुमार कोइरालाको साक्षी समेत बुझ्नु। दाबीको कर्जा र धितोसँग सम्बन्धित फाइल पेशीका दिन इजलास समक्ष देखाई फिर्ता लैजाने गरी हामा मर्चेन्ट एणड फाइनान्स लि.बाट झिकाउनु भन्ने उच्च अदालत पाटनको मिति २०७३।३।२८ को आदेश।

२४. ऋण असुली न्यायाधिकरणबाट वादी हामा मर्चेन्ट एण्ड फाइनान्स लि. र प्रतिवादी सन्तोष श्रेष्ठ भएको ऋण असुलीमा मिति २०७३।१०।२९ मा र प्रतिवादीहरु माझा तामाङ्ग गेम्जा, रति तामाङ्ग, तिलकबहादुर सुनुवार, भरतबहादुर थापा, उषा मोक्तान, डोरसिंह दिलिप कार्की, दीपक थापा र सुवर्ण श्रेष्ठ बीच भएको ऋण असुली मुद्दा मिति २०७३।११।६ मा भएको मिलापत्रको प्रतिलिपि ऋण असुली न्यायाधिकरणबाट झिकाई पेश गर्नु भन्ने उच्च अदालत पाटनको मिति २०७३।११।८ को आदेश।

२५. डुकुछाप गा.बि.स.वडा नं. ६ कि.नं. १०६ र ३६१ को क्रमश ०-४-१-० र १-९-०-० क्षेत्रफल जग्गा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा हामा मर्चेन्ट एण्ड फाइनान्स लिमिटेडले सकार गरी दाखेल खारेज गर्दाको मूल्य खुल्ने लिखत र उक्त जग्गाको राजस्व प्रयोजनका लागि निर्धारण गरिएको मूल्याङ्कन मालपोत कार्यालय ललितपुरबाट माग गरी मिसिल सामेल राख्नु। उल्लेखित जग्गाको नक्सा ट्रेस नापी कार्यालय, ललितपुरबाट माग गरी मिसिल संलग्न राख्नु। सो जग्गाको मूल्य सम्बन्धमा कुनै सरकारी कार्यालयबाट मुल्य खुल्ने कागजात/लिखत खडा भएको छ भने प्रतिवादीबाट पेश गर्न लगाई मिसिल सामेल राखी पेश गर्नु भन्ने उच्च अदालत पाटनको मिति २०७४।४।२२ को आदेश।

२६. प्रतिवादी मध्ये किशोर कुमार कोइराला उपर दावी गरिएको ऋण असुलीका लागि ऋण असुली न्यायाधिकरणमा समेत २०७२।५।९ मा मुद्दा दायर भै कार्वाही अवस्थामा रहेको भन्ने ऋण असुली न्यायाधिकरणको च.नं. ६०५ मिति २०७२।८।१७ को पत्रबाट देखिएको हुँदा सो मुद्दा निर्णय भए नभएको र भएको भए सो को फैसला प्रतिलिपि सहित पेश गर्नु भन्ने उच्च अदालत पाटनको मिति २०७५।१।१६ को आदेश।

२७. प्रतिवादीहरु रविभुषण वैद्य, राजुकुमार प्रधान, किसोरकुमार कोईराला र सचिन के सुनुवार जना ४ लाई बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ७(क)(ख)(च), दफा ८ र दफा १४ को परिभाषित कसूर गरेको पुष्टि हुन आएकोले सोही ऐनको दफा १५(२)(ग) र १५(३) बमोजिम कायम हुन आएको विगो रु.५८,५४,९७६।०४ जाहेरवालालाई भराई कैद बर्ष ३(तीन) र विगो बमोजिम रु.५८,५४,९७६।०४ जरिवाना समेत हुने ठहर्छ। प्रतिवादी सोभेन्द्रराज जोशीको हकमा निजले विवादित धितोको सम्बन्धमा गरिएको मूल्याङ्कनको पूर्ण प्रतिवेदन प्राप्त नहुँदैको अवस्था मूल्याङ्कनको सार-संक्षेप (Synopsis) स्वरुपको प्रतिवेदनको आधारमा नै ऋण लगानी भएको र यी प्रतिवादी ऋण लिने दिने व्यक्ति नभएकाले आरोपित अभियोग दावीवाट सफाई पाउने ठहर्छ भन्ने बेहोराको उच्च अदालत पाटनबाट मिति २०७५।३।२४ मा भएको फैसला।

२८. यस मुद्दामा मलाई अनावश्यक प्रतिवादी बनाईएको छ। म कर्जावाला ऋणी हैन, मैले बैंकको रकम तिर्नुपर्ने होईन। ऋण झिक्न, रकम खाईमासी गर्न लगायत कुनैपनि कुरामा मेरो संलग्नता छैन। जाहेरीपत्रमा पुनरावेदक सचिन के सुनुवारको फाईनान्समा धितो राखे, ऋण लिने कुनैपनि कुरामा संलग्नता रहेको कुरा कतै उल्लेखसम्म गरिएको छैन। अन्य अभियुक्तहरु राजुकुमार प्रधान, सोभेन्द्रराज जोशी, रविभुषण बैद्यले समेत मलाई पोलेका छैनन्। सिभिल बैंक लि.ले किशोरकुमार कोईरालालाई विपक्षी बनाई ऋण असुली न्यायाधिकरणमा दिएको मुद्दामा मिति २०७६।१।१५ मा किशोरकुमार कोईरालाले उक्त बैंकलाई तिनुपर्ने रकम बैंकमा दाखिला गरी वादी सिभिल बैंक र प्रतिवादी किशोरकुमार कोईरालाका बीचमा मुद्दा मिलापत्र भैसकेको छ। बैंकमा तिर्नुपर्ने रकम चुक्ता भैसकेको र बैंकमा तिर्नुपर्ने

रकमको सम्पूर्ण जिम्मेवारी किशोरकुमार कोईराला भएको कुरा प्रस्ट हुन्छ। यो तथ्यबाट यस मुद्दामा रकम तिर्ने दायित्व नभएको म निर्दोष व्यक्तिलाई अनावश्यक मुद्दा चलाई कसूरदार करार गरिएको छ। धितो दिनेदेखि ऋण लिनेसम्मको कुनैपनि प्रकृयामा मेरो संलग्नता नदेखिएको कुरा तथ्य र प्रमाणले प्रस्ट हुँदाहुँदै म माथि दोषारोपण गरी मुद्दा चलाई त्यसैको आधारमा भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ को भावना विपरित हुँदा उच्च अदालत पाटनबाट मिति २०७५।३।२४ मा भएको फैसला बदर गरी सफाई पाउँ भन्ने बेहोराको सचिन के सुनुवारले यस अदालतमा गरेको पुनरावेदन पत्र।

२९. मिसिल संलग्न तथ्य प्रमाण कागजबाट अभियोग दाबी मालाकार रुपमा पुष्टि भैरहेको अवस्थामा प्रमाणको उचित मूल्याङ्कन नगरी वादी पक्षले दावी पुष्टि गराउन नसकेको भन्ने आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण भई वदरभागी छ। बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ७ (क) (ख) (घ) (च) एवं दफा ८,९,१३,१४ र १५ मा उल्लिखित व्यवस्थालाई अन्देखा गरी प्रतिवादीहरुबाट भएका उल्लेखित कार्यलाई बैंङ्किङ्ग कसूर कायम गर्न नमिल्ने भनी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ। सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत प्रतिकूल हुनेगरी भएको फैसला त्रुटिपूर्ण छ। प्रतिवादीहरुलाई सफाई दिने गरी भएको सुरु फैसला बदर गरी अभियोग मागदाबी बमोजिम सजाय गरीपाउँ भन्ने बेहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र।

३०. प्रतिवादी राजुकुमार प्रधानलाई उच्च अदालत पाटनको फैसलाले ३ वर्ष कैद र रु.५८,५४,९७६।०४ जरिवाना भएकोमा निज मिति २०६९।३।२२ देखि २०७४।६।१५ सम्म थुनामा बसी लागेको कैद भुक्तान भै सकेको र जरिवाना रु.५८,५४,९७६।०४ को हकमा निजले रामप्रसाद ढुंगानाका नाउँको सिन्धुपाल्चोक जिल्ला साविक बतासे गा.वि.स. वडा नं. ६ हाल परिवर्तित चौतारा साँगाचोकगढी न.पा. वडा नं. ३ को कि.नं. ९९७ को ०१७८१ व.मि. जग्गा प्रतिवादी राजुकुमार प्रधानको हकमा जेथा जमानत लिई पुनरावेदन गर्न स्वीकार गरिदिएको भन्ने बेहोराको यस अदालतका सहरजिष्ट्रारको मिति २०७६।८।१ को आदेश। उक्त जग्गा

मालपोत कार्यालय सिन्धुपाल्चोक चौताराको च.नं. १३०५ मिति २०७६।७।२० को पत्रद्वारा रोक्का राखिएको भन्ने पत्र मिसिल संलग्न रहेको।

३१. कर्जा सम्बन्धी मिसिलमा प्रबन्ध निर्देशक रविभुषण बैद्यले निर्देशन दिएपछि कर्जा शाखाका विल्सन जोशीले टिप्पणी उठाउने र सो टिप्पणीको बेहोरालाई थपघट केही नगरी कम्पनी सचिवको हैसियतबाट मैले रोहवर हस्ताक्षरसम्म गरेको हो। ऋण दाता संस्थाले कर्जा प्रबाह गर्दा आवश्यक सम्पूर्ण प्रकृयाहरु अवलम्बन गरेरै कर्जा प्रबाह भएको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५६ बमोजिम प्रवाह भएको कर्जाहरु सोही ऐनको दफा ५७ बमोजिम असुलीतर्फ कार्वाही अघि बढ्ने बढाउने हो। असुली प्रकृया अगाड़ी बढाईसकेपछि कथंकदाचित धितोमा रहेको सम्पत्तिको मोल घट्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि वित्तीय संस्थाले ऋणीलाई थप धितो राख्न लगाउनु पर्ने हुन्छ। त्यसो नगरी ऋणीलाई थाहा जानकारीसम्म नदिई धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा ग्रहण गरिएको छ। सो गैरबैंकिङ्ग सम्पत्तिलाई बिक्री प्रकृया अगाडी नै नबढाई ऋण असुली न्यायाधिकरणमा उजुरी दर्ता गराईसकेपछि करिव ३ महिनापछि आएर म समेतको विरुद्धमा सोही कर्जाको विषयलाई लिएर जाहेरी दिने र अभियोगपत्र दायर गर्ने जस्ता कार्य हुनुबाट वादी पक्षहरु पुर्वाग्रही भई जसरी पनि म समेतलाई फौजदारी दायित्व बहन गर्न लगाई झुठा मुद्दामा फसाउने बदनियतले अभियोग दायर भएको भन्ने प्रसस्त आधार कारण छ। विषय, कार्य-कारण, पक्षहरु एउटै भएकोमा दुईवटा अदालत समक्ष मुद्दा चल्नु चलाईनु प्राङ्गन्यायको सिद्धान्त एवं तत्कालिन मुलुकी ऐन अ.वं. ८५ नं. मुलुकी अपराध संहिता, २०७४ को दफा ९ समेतको व्यवस्था विपरित छ। तेह्र जना ऋणीको नामको उक्त सामुहिक कर्जामा साँवा रकम रु. ४ करोड ७० लाख जारी भएकोमा ऋण असुली न्यायाधिकरणमा प्रस्तुत मुद्दाको फैसला हुनुपूर्व नै किशोरकुमार कोईराला बाहेक अरु ऋणीहरु र हामा मर्चेन्ट एण्ड फईनान्स लिमिटेड बिच मिलापत्र भई रु. ५ करोड ४९ लाख असुली भै सकेको र किशोरकुमार कोईरालाको हकमा समेत मिति २०७६।०१।१५ मा मिलापत्र भई जाहेरवाला फाईनान्स लि.को सम्पूर्ण कर्जाहरु चुक्ता भईसकेको छ। प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोग दावी पुष्टि हुने कुनै आधार प्रमाण प्रस्तुत गर्न नसकेको

अवस्थामा तथ्य लुकाएर अभियोगपत्र दायर गरिएको छ। सरकारी मूल्याङ्कन नै ४० लाख भन्दा बढी पर्ने जग्गालाई १८ हजार मोलिने भनी तथ्य लुकाईएको छ। ऋण असुली न्यायाधिकरणमा पहिलेनै मुद्दा दर्ता गरिसकेकोमा पछि दर्ता गरिएको अभियोगपत्रमा सो तथ्य लुकाईएको छ। यसरी दुषित मनसाय लिएर बदनियतपूर्वक प्रस्तुत भएको अभियोग दावी ठहर गरी फैसला गरिनु फौजदारी न्यायका सर्बमान्य सिद्धान्त समेतको प्रतिकूल रहेकोले उक्त फैसला उल्टि गरिनु पर्दछ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५७ को बमोजिम कारबाही गर्नुपर्नेमा सो गरेको देखिदैन। व्यवसायमा आउने समस्याको समाधान पनि सर्वप्रथमतः सोही ऐन अन्तरगत नै गर्नुपर्दछ। बैकल्पिक व्यवस्था हुँदाहुँदै एकैचोटी बैंकिङ्ग कसूर जस्तो फौजदारी मुद्दा दायर गर्ने कार्य कानून विपरित भएकोमा अभियोग दावी ठहर गरेको उच्च अदालतको फैसला उल्टी गरी पाउँ भन्ने बेहोराको प्रतिवादी राजुकुमार प्रधानको पुनरावेदन पत्र।

३२. प्रतिवादी रविभुषण बैद्यलाईलाई उच्च अदालत पाटनको फैसलाले ठहरेको ३ वर्ष कैद र रु.५८,५४,९७६।०४ जरिवाना भएकोमा कैद र जरिवाना समेत जम्मा रु.६१,८३,४७६।०४ वापत उच्च अदालत पाटनमा राखेको कालवती गुरुङका नाम दर्ताको तनहुँ जिल्ला फराकचौर गा.वि.सं. वडा नं. ८ज कि.नं. २१ को क्षेत्रफल ६-७-१-२ र ऐ.ऐ.वडा नं. ७क कि.नं. ६४ को क्षेत्रफल १-१३-१-२ र कृष्ण गिरीको नाम दर्ताको जिल्ला तनहुँ फराकचौर गा.वि.स. वडा नं. ८छ कि.नं. २९ को क्षेत्रफल १-१४-३-० जग्गाहरु यस अदालतमा समेत जेथा जमानत राखेको। उल्लिखित ३ कित्ता जग्गाले पुनरावेदकलाई भएको जरिवाना र कैद वापत हुने धरौटी रु.६१,८३,४७६।०४ लाई खाम्ने देखिंदा जेथा स्वीकार गरी प्रतिवादी रविभुषण बैद्यलाई पुनरावेदनपत्र दर्ता गर्न मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिमको सुविधा प्रदान गरिएको भन्ने यस अदालतका सहरजिष्ट्रारको मिति २०७६।११।३० को आदेश।

३३. धितोमा राखिएको जग्गा किशोरकुमार कोईरालाको एकलौटी नाम दर्ता भोगको रहेको हुँदा निजलाई ऋण प्रवाह गरिएको छ। ललितपुर डुकुछापमा निर्माणाधिन काठमाण्डौ

निजगढ द्रुतमार्गको नजिकको जग्गाको मुल्य प्रति आना रु.६१५/३८ मात्र हुने भन्ने कुरा विश्वास गर्न असम्भव छ। ऋणीले व्यक्तिगत कर्जा शीर्षक अन्तर्गत कर्जा लिएको र त्यसमा प्रयोग नभएको भनी लिंदै नलिएको कर्जा रकम अन्यत्र प्रयोग भएको भनी लिएको फैसलाधार कानूनसम्मत् छैन। मूल्याङ्कनकर्ता सोभेन्द्रराज जोशीले धितोको मूल्याङ्कन गरी दिनुभएको प्रतिवेदनबाट मात्र उक्त ऋण प्रवाहको लागि चरणबद्ध रुपमा गरिनुपर्ने सबै प्रकृयाहरु पुरा भई टिप्पणी सदरको लागि पुनरावेदक समक्ष फायल आएपछि ऋणीले धितो राख्न ल्याएको जग्गाबाट ऋण असुल उपर हुन सक्ने गरी मूल्याङ्कनकर्ताबाट प्रतिवेदन प्राप्त भएको तथा अन्य जिम्मेवार कर्मचारीबाट पनि आफ्नो जिम्मेवारी बमोजिमको कार्य पुरा भई आएको फायलबाट देखिई बैङ्कबाट प्रवाह हुने कर्जाको पर्याप्त सुरक्षण हुने देखिएकोले ऋणी किशोरकुमार कोईरालालाई ऋण स्वीकृत गरिएको हुँदा मेरो कुनै किसिमको बदनियत नरहेको प्रष्ट हुन्छ। मैले कर्जाको खण्डीकरण गरी आफ्नो अधिकारक्षेत्रभित्र पारी कर्जा प्रवाह गरेको होइन।

मूल्याङ्कनकर्ताले दिने एकमात्र प्रतिवेदनको आधारमा अन्य ऋणहरु पनि प्रवाह भए जस्तै प्रस्तुत मुद्दामा पनि ऋण प्रवाह भएको हुँदा यसमा मेरो कहिंकतै कुनै किसिमको बदनियत नरही असल नियतका साथ ऋण स्वीकृत गरिएको छ। लगाउको अन्य १२ थान मुद्दामा फैसला हुँदा उक्त मुद्दाहरुका ऋणी तथा जाहेरवाला हामा मर्चेन्ट एण्ड फाईनान्स लिमिटेड बीच ऋण राफसाफ हुने गरी ऋण असुली न्यायाधिकरणमा भएको मिलापत्रको आधारमा प्रतिवादीहरुलाई सफाई हुने गरी फैसला भएको छ। प्रस्तुत मुद्दामा पनि ऋणी किशोरकुमार कोईराला तथा जाहेरवाला सिभिल बैङ्क लिमिटेड (तत्कालिन अवस्थामा हामा मर्चेन्ट एण्ड फाईनान्स लिमिटेड) बिच ऋण राफसाफ हुने गरी ऋण असुली न्यायाधिकरणमा मिति २०७६/१/१५ मा मिलापत्र भईसकेको छ। वैकल्पिक व्यवस्था हुँदाहुँदै एकैचोटी बैंकिङ कसूर जस्तो फौजदारी मुद्दा दायर गर्ने कार्य कानून विपरित हुँदा र पुनरावेदकले अभियोग दाबी बमोजिमको कुनै पनि कसूर गरेको ठोस प्रमाण वादी पक्षले पेश गर्न नसकेको अवस्थामा कसूरदार ठहर गरी भएको उच्च अदालतको फैसला उल्टी गरी सफाई पाउँ भन्ने बेहोराको प्रतिवादी रविभुषण बैद्यको पुनरावेदन।

३४. उच्च अदालत पाटनको मिति २०७५।३।२४ मा भएको फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादीहरूको पुनरावेदन परेको देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ दुवै पक्षको पुनरावेदन एक-अर्कालाई परस्पर सुनाई पेश गर्नू भन्ने मिति २०७७।९।६ मा यस अदालतबाट भएको आदेश।

## यस अदालतको ठहर:

३५. नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताद्वय श्री सोमराज काफ्ले र श्री विनोद श्रेष्ठले प्रतिवादीहरु आपसमा मिलेमतो गरी गैरकानूनी तरिकाले फाइनान्सबाट ऋण कर्जा प्रवाह गरी गराई आफूहरुलाई फाइदा र फाइनान्सलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेको तथ्य प्रमाणित भएको छ; कम मूल्य पर्ने जग्गालाई बढी मूल्य पर्ने भनी मूल्याङ्कन गरिएको छ; प्रतिवादीहरु उपरको कसूर पुष्टी भैरहेको अवस्थामा सफाई दिने गरी भएको उच्च अदालत पाटनको फैसला मिलेको छैन; उक्त फैसला उल्टी गरी सबै प्रतिवादीहरुलाई अभियोग मागदावी बमोजिम सजाय हुनु पर्दछ भनी बहस जिकिर गर्नु भयो। प्रतिवादी रविभुषण बैद्यको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री हरिशंकर कर्णले जुन ऋण/कर्जालाई आधार बनाई विगो दावी लिएर अभियोगपत्र दायर भएको छ, उक्त कर्जाका सम्बन्धमा ऋण असुली न्यायाधिकरणमा मिलापत्र गरी कर्जा चुक्ता भैसकेको छ; यस अवस्थामा बैङ्किङ्ग कसूरमा सजाय हुन सक्ने स्थिति छैन; कर्जा प्रवाह गर्दा अनियमितता भएको कुरा अभियोजन पक्षबाट पुष्टि हुनसकेको छैन; वदनियत, षडयन्त्र र गलत मनसायको अभावमा बैङ्किङ्ग कसूर हुन सक्तैन; प्रतिवादी रविभुषणलाई कसूरदार ठहर गरेको उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण छ; सो फैसला उल्टी गरी निज प्रतिवादीलाई सफाई दिइनु पर्दछ भनी बहस जिकिर गर्नुभयो। प्रतिवादी राजुकुमार प्रधानको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद ढुंगानाले राजुकुमार कर्जा प्रमुख होइनन्, कम्पनी सचिव/प्रबन्धक मात्र हुन्; निजले वदनियत राखेर काम कारवाही गरेको भन्ने मिसिलबाट देखिंदैन; फौजदारी मुद्दा चल्नुपर्ने कारण छैन; कर्जाका सम्बन्धमा ऋण असुली न्यायाधिकरणमा मिलापत्र गरी सम्पूर्ण कर्जा चुक्ता भैसकेको अवस्थामा बैङ्किङ्ग कसूरमा सजाय हुन सक्ने स्थिति

छैन; उच्च अदालत पाटनबाट भएको फैसला उल्टी भई प्रतिवादी राजुकुमारलाई सफाई दिइनु पर्दछ भनी बहस जिकिर गर्नु भयो। प्रतिवादी सचिन के सुनुवारको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भद्र प्रसाद नेपाल (स्वागत नेपाल) ले निज सचिन के सुन्दर जमानी मात्रै बसेका हुन्, ऋणको प्रयोग निजले गरेका होइनन्; मूल ऋणी किशोरकुमार कोइरालाले ऋण असुली न्यायाधिकरणमा फाइनान्सलाई बुझाउनुपर्ने सम्पूर्ण रकम बुझाई हिसाब राफसाफ गरी मुद्दा मिलापत्र भैसकेको छ; अन्य १२ थान मुद्दामा सफाई दिइदा ग्रहण गरिएका आधारमा यस मुद्दामा पनि सफाई दिइनु पर्ने हो; उच्च अदालत पाटनबाट भएको फैसला उल्टी भई निज प्रतिवादीलाई सफाई दिइनु पर्दछ भनी बहस जिकिर गर्नु भयो। प्रतिवादी सोभेन्द्रराज जोशीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री जगदिशचन्द्र पाण्डेले कसूरमा इन्कार रही निज प्रतिवादी सोभेन्द्रराजले बयान गरेका छन्; नेपाल सरकारको पुनरावेदनपत्रमा निज सोभेन्द्रले गरेको कसूर स्पष्ट खुलाउन सकेको अवस्था छैन; निजले प्रारम्भिक बुँदा विवरण मात्र बुझाएका हुन्, त्यसलाई पूर्ण विवरण मान्न मिल्दैन; निजले आरोपदाबी बमोजिमको कसूर नगरेको हुँदा उच्च अदालत पाटनबाट निजलाई सफाई दिने गरी भएको फैसला सदर कायम रहनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

३६. अब यसमा केही प्रतिवादीलाई कसूरदार ठहर गरेको र केहीलाई सफाई दिइएको उच्च अदालत पाटनको फैसला मिलेको छ वा छैन? वादी नेपाल सरकार तथा प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन? भन्ने प्रश्नमा निर्णय दिनु पर्ने देखियो।

३७. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरु उपर बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १५ बमोजिम सजाय भई विगो रु. ५८,५४,९७६।०४ कायम गरी जाहेरवाला हामा मर्चेन्ट एण्ड फाईनान्स लि.लाई भराई पाउँ भन्ने समेतको अभियोगपत्र मागदावी रहेको देखियो। प्रतिवादीहरु रविभुषण वैद्य, राजुकुमार प्रधान, किशोरकुमार कोईराला र सचिन के सुनुवार समेत चारजना प्रतिवादीलाई जनही तीन बर्ष कैद र विगो रु. ५८,५४,९७६।०४ कायम गरी सोही बमोजिम जरिवाना हुने भनी फैसला भएउपर कसूर ठहर भएका प्रतिवादीहरु रविभुषण वैद्य, राजुकुमार प्रधान र सचिन के

सुनुवारको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो। सफाई दिने ठहर गरिएका प्रतिवादी सोभेन्द्रराज जोशीको हकमा वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन पर्न आएको देखिन्छ। प्रतिवादी किशोरकुमार कोइरालाको यस अदालतमा पुनरावेदन पर्न आएको पाइएन।

३८. प्रस्तुत विवाद निरुपण गर्ने संन्दर्भमा बैङ्किङ्ग कारोवार र सो सम्बन्धी कसूर सम्बन्धमा केही अवधारणागत कुरा उल्लेख गर्नु आवश्यक देखिन्छ। कर्जा असूलीका लागि छुट्टै बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानूनमा व्यवस्था रहेको हुँदा बैकिङ्ग कसूर ठहर गर्न मिल्ने अवस्था छैन, कर्जा असूल भइसकेको अवस्थामा कसूर कायम गर्न मिल्दैन भनी पुनरावेदक प्रतिवादीहरुका तर्फबाट प्रश्न उठाईएको देखिन्छ। बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ जारी हुनुको उद्देश्य बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी मुद्दाहरु छिटोछरितो रुपमा कारबाही र किनारा गरी ऋणीबाट लिनु पर्ने ऋणको साँवा तथा ब्याज रकम असूल उपर गर्ने व्यवस्था गर्नु भन्ने रहेको देखिन्छ। बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ ले बैङ्क तथा वित्तीय संस्थाको कारोबारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैङ्क तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैङ्क तथा वित्तीय प्रणाली प्रति विश्वासनीयता अभिवृद्धि गर्ने अभिप्राय राखेको देखिन्छ। बैकिङ्ग प्रणालीलाई विश्वासनीय बनाउनका लागि रकम भुक्तानी लिने दिने कुरा, कर्जा प्रदान गर्ने सम्बन्धी बिषय, कर्जाको दुरुपयोग गर्न नहुँने कुरा, बैकिङ्ग स्रोत साधनको दुरुपयोग गर्न नहुने बिषय, किर्ते जालसाजीको माध्यमबाट बैङ्क वा वित्तीय संस्थालाई हानी नोक्सानी पुऱ्याउन नहुने कुरा, धितोको मूल्याङ्कन गर्ने बिषय आदि विविध कुरामा निर्धारित मापदण्डको कडाईका साथ पालना गर्नु पर्ने अवस्था रहन्छ। उल्लिखित कुराहरुलाई प्रभावकारी रुपमा नियमन र व्यवस्थापन गर्नका लागि बैङ्किङ्ग कसूर र सजायका व्यवस्था गरिएका हुन्। बैङ्किङ्ग कसूर तथा सजाय सम्बन्धी ऐनले बैङ्किङ्ग कारोबारका सम्बन्धमा हुन सक्ने अपराधजन्य काम कारबाहीलाई निरुत्साहित गर्ने, कारोबारमा स्वच्छता र विश्वासनीयता कायम गर्ने, वित्तीय प्रणालीलाई खलबलिन नदिई सुव्यवस्था कायम गर्ने उद्देश्य राखेको हुन्छ।

त्यसैले ऋण असूलीका वैकल्पिक कानूनी उपाय विद्यमान रहेको छ भन्ने आधारमा नै वैङ्किङ्ग कसूर सम्बन्धी मुद्दा चल्न नसक्ने भनी मान्न मिल्ने देखिदैन[1]।

३९. निसन्देहः वैंङ्कबाट कुनै कर्जा लिने दिने कार्य नियमित र स्वभाविक वित्तीय प्रकृया हो। लगानी गरिएको ऋण रकम सँधै र सवै अवस्थामा असूल भएकै हुनु पर्दछ, अन्यथा वैङ्किङ्ग कसूर गरेको हुन जान्छ भन्ने निष्कर्ष निकालियो भने वस्तुवादी दृष्टिकोण बन्दैन। कारोवारमा कहिले नाफा हुन्छ, कहिले नोक्सानी पनि हुन सक्तछ। कुनै ऋण रकम असूल हुन सकेन भन्ने कुरालाई नैं निर्णायक आधार मानेर बैङ्किङ्ग कसूर ठहर गरियो भने वित्तीय प्रणालीमा नकारात्मक असरहरु नै पैदा हुन पुग्दछन्। त्यसैले स्वभाविक रुपको बैङ्किङ्ग वा वित्तीय कारोवार र बैङ्किङ्ग कसूर बीचको अन्तर-भिन्नताको पहिचान गर्नु आवश्यक हुन्छ। बैङ्किङ्ग कसूर प्रमाणित हुनका लागि वदनियत तत्वको विद्यमानता रहनु आवश्यक छ। सदनियत राखेर कर्जा प्रवाह गरिएको अवस्थामा पछि त्यस्तो कर्जा असूल हुन सकेन भनेपनि कसूर कायम नहुन सक्तछ। यसैगरी, बदनियत राखेर कर्जा लिने दिने कार्य गरिएको तथ्य प्रमाणित भएको अवस्थामा पछि मुद्दा दायर भएपछि ऋण रकम भुक्तान गरेको भएपनि बदनियत राखेर कर्जा लिने दिने कार्यका दोषीहरु उपर फौजदारी दायित्व रहन पुग्दछ। अर्थात, कुनै बैङ्क वा वित्तीय संस्थाबाट वदनियतपूर्वक कानूनको प्रक्रिया नपुऱ्याई कर्जा प्रवाह भएको छ भने त्यस्तो कर्जा चुक्ता भएको भन्ने कारणले मात्र कसूरबाट उन्मुक्ति प्राप्त हुँदैन[2]। आर्थिक कारोबारमा

---

[1] Central Bureau of Investigation v Duncans Agro Industries Ltd (1996) 5 SCC 591 को मुद्दामा भारतीय सर्वोच्च अदालतले: "It is now a well- settled principle of law that in a given case, a civil proceeding and a criminal proceeding can proceed simultaneously. Bank is entitled to recover the amount of loan given to a debtor. If in connection with obtaining the said loan, criminal offences have been committed by the persons accused thereof including the officers of the Bank, criminal proceedings would also indisputably be maintainable" भनी व्याख्या गरेको देखिन्छ।

[2] Rumi Dhar v State of West Bengal (2009) 6 SCC 364 को मुद्दाका सन्दर्भमा भारतीय सर्वोच्च अदालतले: Mere payment of loan to the bank could not exonerate the accused from a criminal proceeding" भनी व्याख्या गरेको पाइन्छ।

शुद्धता, नियमितता र विश्वसनीयता कायम रहनु पर्दछ। कसूर ठहर गर्दाको अवस्थामा विगो चुक्ता भएको वा नभएको कुराले अवश्य नै केही फरक र विशिष्ट प्रकारको अर्थ राख्दछ। तर केवल विगो चुक्ता भएको कुरालाई नै निर्णायक आधार मानेर कसूरदारलाई अपराधिक दायित्वबाट उन्मुक्ति दिन भने मिल्दैन।

४०. अव, विवाद सम्बन्धित अन्य बिषयतर्फ दृष्टिगत गर्दा प्रतिवादी किशोरकुमार कोईरालाले एक वर्ष अवधिको लागि मिति २०६७/०४/२० गते जिल्ला ललितपुर डुकुछाप गा.वि.स. वडा नं. ६ख कि.नं. १०६ र ३६१ क्षे.फ. ०-४-१-० र १-९-०-० जग्गा धितो राखी रु. तीस लाख कर्जा लिएको; सो कर्जाको मूल्याङ्कन प्रतिवादी "ए नट आर्किटेक्चर एण्ड आर्किटेक्स"का सोभेन्द्रराज जोशीले गरेको; सो कर्जाको साँवा व्याज भाखाभित्र नतिरेकोले धितोको पुनः मूल्यांकन गर्दा जग्गाको मूल्य न्यून देखिएको भन्ने समेतका कुराहरुलाई सन्दर्भ बनाई प्रतिवादीहरु उपर बैंङ्किङ्ग कसूरको अभियोग लगाइएको पाइयो। उल्लिखित जग्गाको सुरुमा ऋण प्रवाह गर्दा Fair Market Value क्रमशः रु. ३६,५३,५३२/७५ र ६,४१,४८४/३७ तथा Distress Value क्रमशः रु. २९,२२,८२६/२० र ५,३१,१८७/५० पर्ने भन्ने मूल्याङ्कनकर्ता सोभेन्द्रराज जोशीको प्रतिवेदन रहेकोमा पछि गरिएको मूल्यांङ्कनमा Fair Market Value रु.१८,०००/- र Distress Value रु. १०,०००/- पर्ने भन्ने Beem Consultancy Pvt. Ltd. को मूल्याङ्कन प्रतिवेदन रहेको देखियो। मूल्याङ्कन अङ्कमा देखिएको यही फरकलाई मुख्य आधार बनाएर प्रस्तुत वैंङ्किङ्ग कसूर मुद्दा चलाइएको देखिन्छ।

४१. जिल्ला ललितपुर, डुकुछाप गा.वि.स. वडा नं. ६ मा रहेको कि.नं. १०६ र ३६१ क्षे.फ. ०-४-१-० र १-९-०-० जग्गाको Fair Market Value रु.१८,०००/- र Distress Value रु. १०,०००/- भनी Beem Consultancy Pvt. Ltd. बाट गरिएको पछिल्लो मूल्याङ्कन स्वयममा अपत्यारिलो र अन्य कुनै अभिष्ट राखेर तयार गरिएको प्रतित हुन्छ। राजधानी शहरको नजिकै रहेको, यातायातको सुविधा पुगेको, र लगभग दुई रोपनी जग्गाको मूल्य केवल १८,०००/- भनिनु वर्तमान सन्दर्भमा आश्चर्यजनक छ। यसलाई अदालतले स्वभाविक रुपमा अनुमान गर्न सक्ने विषयको रुपमा पनि हेर्न सकिन्छ। यसरी गरिएको मूल्याङ्कन हचुवा, अवास्तविक र कुनै अन्तर्निहित अभिप्रायले प्रेरित रहेछ भनी अदालतले स्वभाविक र सामान्य रुपमा अनुमान गर्न सक्ने कुरालाई

अभियोजन पक्षले अन्यथा प्रमाणित गर्न सकेको देखिदैन। मूल्याङ्कनकर्ताले निजको सुविधा वा अन्य कुनै दृष्य/अदृष्य कारणबाट गरेको आफुखुसी मूल्याङ्कन प्रतिवेदनलाई जस्ताको तस्तै अर्थात यथारुप विश्वास गरी प्रमाणमा स्वीकार गर्नु पर्दछ भन्ने हुँदैन। यसरी गरिएको मूल्याङ्कनको तार्किक सम्बन्ध, वस्तुगत आधार वा स्वभाविक परिणामतर्फ पनि न्यायिक दृष्टी दिनु आवश्यक हुन्छ। तर प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा जाहेरवाला फाइनान्स कम्पनी, अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकील र सुरु तहमा मुद्दा हेर्ने (उच्च अदालत) समेत कसैले पनि जग्गाको मूल्याङ्कन गरिएको कुरामा उचित तबरबाट न्यायिक विवेकको प्रयोग गरेको देखिएन।

४२. वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावेदनपत्रमा सबै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला बदर गरी सबै प्रतिवादीहरुलाई अभियोग मागदाबी बमोजिम नै सजाय गरी पाउँ भनी जिकिर लिइएको पाइयो। उक्त जिकिर स्वयममा हचुवा देखिन्छ; वस्तुगत तथ्यमा आधारित देखिदैन। उच्च अदालतबाट प्रतिवादी सोभेन्द्रराज जोशी बाहेकका अन्य प्रतिवादीहरु रविभुषण बैद्य, राजुकुमार प्रधान, सचिन के सुनुवार र किशोरकुमार कोइरालालाई अभियोग दाबी बमोजिम सजाय हुने ठहर गरिएको अवस्थामा **निजहरुका हकमा सफाई दिने गरी भएको शुरु फैसला बदर गरी अभियोग दाबी बमोजिम सजाय गरीपाउँ** भनी सबै प्रतिवादीहरुको नाम विरुद्ध खण्डमा गोश्वारा रुपमा उल्लेख गरी वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परेको देखिनु आश्चर्यजनक छ। मुद्दामा सन्निहित र प्रमाणित तथ्य प्रतिकूलका यस प्रकारका हचुवा जिकिर लिने कुरामा अभियोजन वा सरकारी प्रतिरक्षा गर्ने पक्ष (सरकारी वकील कार्यालय) को विशेष ध्यानाकर्षण हुन पनि वाञ्छनीय देखिएको छ।

४३. विगो कायम गरिएको सन्दर्भमा पनि केही कुरा उल्लेख गर्नु आवश्यक देखिन्छ। अभियोगपत्र मागदावी गर्दा प्रवाह गरिएको ऋण रकमको साँवा व्याज सबै गणना गरेर विगोको मागदावी गरेको देखियो। कानूनले प्रष्ट र किटानी रुपमा व्याज समेत जोडेर विगो कायम गर्नु पर्दछ भनी अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक फौजदारी कसूरजन्य कार्यका सन्दर्भमा विगो कायम गर्दा साँवा रकमलाई आधार मानेर विगो कायम गरिने कुरा सामान्य प्रचलनको विषय हो। सामान्यतयाः साँवा रकम, त्यसको चक्रबृध्दि व्याज आदि कुरा गणना गरेर विगो कायम गर्नु त्रुटिपूर्ण हुन जान्छ। बैङ्किङ्ग

प्रणाली अनुसार छिटो-छिटो बृध्दि हुने व्याज रकमलाई विगोको रुपमा उल्लेख गरेर धेरै मूल्य देखाई अनुसन्धान र अभियोजन कार्यलाई अतिरञ्जनापूर्ण बनाउँदा यसले न्याय प्रणालीप्रति नै नकारात्मक भ्रमहरु पैदा गर्ने सम्भावना रहन्छ; यस प्रकारको कार्यबाट कुनै सिर्जनात्मक योगदान प्राप्त हुँदैन। यस पक्षमा समेत अभियोजन पक्षको ध्यानाकर्षण हुन वाञ्छनीय देखिएको छ।

४४. प्रस्तुत बैङ्किङ्ग कसूर मुद्दा चलाइएको बिषयकै ऋण रकम असूलीको दावी गरेर हामा मर्चेन्ट एण्ड फाईनान्स लि.का तर्फबाट २०७१ साल जेष्ठ महिनामा ऋण असुली न्यायाधिकरण समक्ष दावीपत्र पेश भएको देखिन्छ। यसपछि २०७१ साल कार्तिकमा प्रस्तुत वैङ्किङ कसूर सम्बन्धी मुद्दाको जाहेरी दिएको देखियो। तर यसरी करिब पाँच महिनापछि जाहेरी दर्खास्त दिंदा यसै विषयमा ऋण असुली न्यायाधिकरण समक्ष दावी गरी कारवाही चलाइएको सन्दर्भ उल्लेख गरेको देखिदैन। सो सन्दर्भ संयोगवस उल्लेख गर्नबाट छुटेको नभएर जानाजान तथ्य लुकाएर उजुरी जाहेरी गरिएको भन्ने देखिएको छ। न्यायिक प्रकृयामा आउनेबाट सफा हात, स्वच्छ हृदयको अपेक्षा रहन्छ। तर प्रस्तुत मुद्दामा स्वच्छ सुनुवाईको मान्यता अनुसार सफा हात लिएर न्यायिक प्रकृयामा प्रवेश गरेको भन्ने देखिएन। जाहेरवाला वा अभियोजन पक्षले ऋण असुली न्यायाधिकरणमा ऋण असूलीका लागि कारवाही चलाएको तथ्य लुकाउन वा ढाकछोप गर्न खोजेको अवस्था देखियो। यसका अतिरिक्त ऋण असुली न्यायाधिकरणमा चलेको मुद्दाका सन्दर्भमा जाहेरवाला पक्ष (साबिकमा हामा मर्चेन्ट एण्ड फाइनान्स लिमिटेड, हाल सिभिल बैंक लि.) को तर्फबाट प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङको वारेश पेशल दाहाल र प्रतिवादी ऋणी किशोरकुमार कोइरालाका बीच ऋण बापतको रकम लिने दिने, भुक्तानी गर्ने कार्य सम्पन्न गरी कर्जा रकम चुक्ता भैसकेको भनी दाबी जिकिर छाडी मिलापत्र गरिएको समेत देखिन्छ। यस अवस्थामा जाहेरवाला फाइनान्स लिमिटेडले सुरुमा देवानी प्रकृतिको वित्तीय कारोवार भन्ने मान्यता राखेर कानूनी प्रकृयामा प्रवेश गरेको करिव ५ महिनापछि आएर किन, के कारणले फौजदारी दायित्वको विषय बनाउनु परेको हो? भन्ने कुराको कुनै युक्तियुक्त कारण खुल्न आएको देखिएन। बैङ्किङ्ग कसूरको कुरामा एकैसाथ (Simultaneously) दुई फरक निकायमा देवानी र फौजदारी दायित्व सम्बन्धी

दावी गरी कारवाही चलाउन अवश्य नै सकिन्छ। तर यसरी दावी गर्दा भने भएका तथ्य उजागर नगरी (ढाँटेर) न्यायिक प्रकृयामा प्रवेश गर्नु वाञ्छित कुरा हुँदैन।

४५. प्रतिवादी मध्येका राजुकुमार प्रधानलाई कर्जा प्रमुख भनी मुद्दा चलाइएको देखिन्छ। तर निज कर्जा प्रमुख नभएर कम्पनी सचिवको रुपमा रहेको हुँदा व्यक्तिको पहिचान समेत हचुवा रुपमा उल्लेख गरेको देखिन्छ। यसका अतिरिक्त, प्रतिवादी मध्येका सचिन के सुन्दर जमानी बस्ने मानिस हुन् र ऋणी किशोरकुमार कोइराला हुन् भन्ने तथ्यमा विवाद देखिदैन। जमानी राखिएको सम्पत्ति (धितो) लिलाम गरिएको, ऋणीमा ऋण रकमको दायित्व बाँकी नरहेको समेत अवस्था हुँदा जमानी बस्ने मानिसलाई कसूरदार ठहर गर्नु पनि मनासिब देखिदैन।

४६. बैङ्किङ्ग कसूर सम्बन्धी फौजदारी अभियोग प्रमाणित हुनका लागि बदनियंत तत्व महत्वपूर्ण बन्दछ। बैङ्किङ्ग कारोवारमा कहिले नाफा हुन्छ भने कहिले नोक्सानी पनि हुन सक्तछ। हरेक नोक्सानी वा खराब कर्जालाई बैङ्किङ्ग कसूर मानियो भने बैङ्किङ्ग प्रणाली खलबलिन पुग्दछ। त्यस प्रकारको दृष्टिकोण तार्किक र न्यायोचित समेत बन्दैन। प्रतिवादीहरुले आपसमा मिलोमतो गरेर जानीजानी जाहेरवाला वित्तीय कम्पनीलाई नोक्सान पार्ने र आफूलाई अनुचित लाभ हुने मतलवले कार्य गरेका थिए भनी तथ्ययुक्त कारण खुलाई प्रष्ट र किटानी रुपमा दाबी लिइएको देखिदैन। ऋण लिनेले धितो/सुरक्षण राखेर ऋण लिएको र ऋण प्रवाह गर्ने वित्तीय संस्थाका पदाधिकारीहरुले संस्थागत नीति अनुसार ऋण प्रवाह गरेको भन्ने देखिएको छ। यसरी ऋण प्रवाह गर्ने सन्दर्भमा विवादित ऋण प्रवाहका क्रममा केही सामान्य प्रकृयागत कुराहरु नमिलेको भन्ने देखिएको छ। कार्य संचालन गर्दा ध्यान नदिएको, व्यवस्थापन क्षमता नपुगेको, कार्य चाप रहेको वा दक्षतापूर्वक कार्य संचालन गर्ने ज्ञानको कुरामा अनभिज्ञता कायम रहेको जस्ता कारणबाट पनि यदाकदा कार्य संचालनको सन्दर्भमा केही प्रकृयागत त्रुटीहरु कायम रहेको देखिन पनि सक्तछ। यस्ता त्रुटीहरुलाई नै निर्णायक तबरबाट (Conclusively) बैङ्किङ्ग कसूरको आधारको रुपमा ग्रहण गर्नु मनासिव हुँदैन। प्रकृयागत रुपमा देखिएका त्रुटीहरु नियतवस गरिएका हुन् वा स्वभाविक मानवीय कमजोरीको परिणामस्वरुप त्रुटी कायम रहन पुगेका हुन् भन्ने कुराको पनि विवेकपूर्ण रुपमा मूल्याङ्कन गरिनु आवश्यक हुन्छ। यस प्रसंगमा प्रस्तुत

मुद्दाको बिषयवस्तु तर्फ दृष्टिगत गर्दा प्रतिवादीहरुले गरेको काम कारवाही हेर्दा निजहरुले बदनियत राखेर कार्य गरेको भन्ने देखिन नआएकोले अभियोग दावी ठहर गर्नु मनासिव देखिएन।

४७. अतः विवादित ऋण प्रवाह गर्ने सन्दर्भमा प्रतिवादीहरुले आपसमा मिलोमतो गरेर जाहेरवाला संस्थालाई हानी र आफूलाई लाभ हुने कार्य गरेको भनी मान्न सकिने अवस्था नदेखिएको, बदनियत तत्वको अभाव रहेको, आवश्यक धितो/सुरक्षण राखेर नै ऋण प्रवाह भएको देखिएको, पछि धितो/सुरक्षणमा रहेको सम्पत्तिको मूल्याङ्कन गरी पेश गरेको Beem Consultancy Pvt. Ltd. को प्रतिवेदन तथ्ययुक्त नदेखिएको, ऋण रकम समेत चुक्ता भई जाहेरवाला पक्ष र प्रतिवादी किशोरकुमार कोइराला समेत बीच मुद्दामा मिलापत्र समेत भैसकेको देखिएको हुँदा अभियोदावी बमोजिम प्रतिवादीहरुलाई कसूरदार ठहर गर्न मिलेन। तसर्थ, मिति २०७५/३/२४ मा उच्च अदालत पाटनबाट प्रतिवादीहरु रविभुषण बैद्य, राजुकुमार प्रधान तथा सचिन के सुनुवारलाई कसूरदार ठहर गरेको फैसला उल्टी भई निजहरु तीनजनाले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ। उच्च अदालतको फैसला उपर यस अदालतमा पुनरावेदन नगरेका प्रतिवादी किशोरकुमार कोइरालाको हकमा समेत अन्य प्रतिवादीहरु सरह समान आधार, कारण र प्रमाणको समान स्थिति देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२) बमोजिम निजको हकमा समेत उच्च अदालतको फैसला उल्टी भई निज प्रतिवादी किशोरकुमार कोइरालाले समेत अभियोग दाबीबाट सफाई पाउने ठहर्छ। निज प्रतिवादी किशोरकुमार कोईराला रु. आठ लाख धरौट राखी मुद्दा पूर्पक्षका लागि तारिखमा रहेकोमा निजले अदालतबाट तोकिएको तारिख गुजारी बसेको देखिएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५(१) बमोजिम निजले राखेको धरौट रु. ८,००,०००।- (आठ लाख रुपैयाँ) जफत हुन्छ। प्रतिवादी सोभेन्द्रराज जोशीलाई अभियोग दावीबाट सफाई दिने ठहर गरेको हदसम्म उच्च अदालतको उल्लिखित फैसला सदर हुन्छ। अरु कुराका हकमा तपसिल बमोजिम गर्नू:

## तपसिल:

१. मथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरुले अभियोग दाबीबाट सफाई पाउने ठहरेकाले उच्च अदालत पाटनको फैसलाको तपसिल खण्डमा लेखिएबमोजिमको प्रतिवादी रविभुषण बैद्य, राजुकुमार प्रधान, किशोरकुमार कोइराला र सचिन के सुनुवारबाट असुल गर्नुपर्ने भनी उल्लेख भएको कैद, जरिवाना र विगोको लगत कट्टा गर्नु भनी उच्च अदालत पाटनमा लेखी पठाई दिनू।

२. प्रतिवादी किशोरकुमार कोईराला रु.८,००,०००।- (आठ लाख रुपैयाँ) धरौट राखी मुद्दा पूर्पक्षका लागि तारिखमा रहेकोमा निजले तारिख गुजारी बसेको देखिंदा निजले र.नं. ७९८ मिति २०७३/१/७ मा उच्च अदालत पाटनमा राखेको धरौट रु. आठ लाख जफत गर्नु भनी उच्च अदालत पाटनमा लेखी पठाई दिनू।

३. फैसलाको प्रतिलिपी सहित महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई दिनू।

४. प्रस्तुत फैसला यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी, मुद्दा दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु:

न्यायाधीश

इजलास अधिकृत :- केशब पराजुली

कम्प्युटर अपरेटर :- कृष्ण गिरी

इति सम्वत् २०८० साल जेठ ३१ गते रोज ४ शुभम् ............ ।